# नेत्रावती डवजोङ गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्य विधि २०७७

२०७७ सालको कार्यविधि

प्रमाणीकरण र प्रकाशन मितिः २०७७।१०।३०.

**प्रस्तावनाना**

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवन स्तरमा सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न नेत्रावती डवजोङ गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयन गर्न यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (क) यस कार्यविधिको नाम "नेत्रावती डवजोङ गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७७"रहेकोछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कार्यविधि" भन्नाले नेत्रावती डवजोङ गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले नेत्रावती डवजोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ)"साझेदारी" भन्नाले स्थानीय तह, गैरसरकारी संघ संस्था, सामुदायिक संघसंस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्छ ।

ङ) "गैरसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

**३. उद्देश्यः यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-**

क) गैरसरकारी संघ संस्था, सहकारी, नीजिक्षेत्र, सामुदायिक संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने ।

ख) गाँउपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह गर्ने ।

ग) वृहत पुर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित र प्रभावकारी सञ्चालन गर्ने ।

घ) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

## परिच्छेद २
## साझेदारी कार्यक्रमका क्षेत्र

४. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछन्:-

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

नेत्रावती डबजोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेम्जोङ, धादिङ बागमती प्रदेश, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

ङ) भौतिक पुर्वाधार

च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) सहकारी संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको बजारीकरण

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

५. कार्यक्रम सञ्चालन प्रक्रियाः कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछन्:-

क)साझेदारी कार्यक्रमको लागि टोल र वस्ती स्तरबाट कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि संचालन गर्न सकिनेछ ।

ग) साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था / सरकारी / कम्पनीलाई लक्षित गरि **अनुसूची १** बमोजिमको ढाँचामा ३० दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

घ) प्रस्तावकहरुले **अनुसूची २** बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित **अनुसूची ३** बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

ङ) साझेदारी गर्न चाहने स्थानीय तह, संघ, प्रदेश, गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्था,सहकारी, निजी क्षेत्र र उपभोक्ता समितिले कम्तीमा २५ प्रतिशतसाझेदारी गर्नु पर्नेछ ।

च) साझेदारी कार्यक्रम गाउँसभाको निर्णयबमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय गाउँसभाले गर्नेछ ।

छ) साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

ज) साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम गर्नु पर्नेछ ।

६. छनौटको मापदण्डः साझेदारी कार्यक्रमको प्रस्तावना छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन्:-

क) साझेदारी कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषदमा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा), नीति नियमको प्रतिलिपिप्रस्तावना साथ पेश गरेको हुनु पर्नेछ । तर यस प्रावधानले स्थानीय तहहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

ख) सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ ।

ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको हुनु पर्नेछ ।

घ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य र लजिकल फ्रेमवर्कमा (Project Logical Frame work)लक्ष्य,उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप र जनशक्ति सहितको प्रस्तावना पेश गरेको हुनु पर्नेछ ।

Scanned with CamScanner

ङ) प्रस्तावना मूल्यांकनका अन्य आधारहरु **अनुसूची** ४अनुसार हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम व्यवस्थापन

७.साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

क) नेत्रावती डबजोड गाउँपालिका अध्यक्ष-संयोजक

ख) नेत्रावती डबजोड गाउँपालिकाको उपाध्यक्ष- सदस्य

ग) साझेदार संस्थाको प्रतिनिधि २ जना- सदस्य

घ) योजना शाखा प्रमुख- सदस्य

ङ) सम्बन्धित विषयगत शाखा प्रमुख- सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

८. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

९. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछः-

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) सम्बन्धित विषय वा शाखाको प्रमुख- सदस्य

ग) योजना शाखाको प्रमुख- सदस्य सचिव

१०. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकार:प्रस्तावना छनौट समितिले गाँउपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद ५

## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

११. सम्झौता: साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ५** बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१२. भुक्तानी: साझेदारी कार्यक्रमको भुक्तानी देहायबमोजिम हुनेछः-

क. सम्झौता भएपश्चात् जम्मा वार्षिक बजेटलाई चौमासिकरुपमा ३ किस्तामा विभाजन गरी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप जम्मा गर्नु पर्नेछ ।

ख. दफा १२.क) बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा फर्छ्यौट गरी आगामी चौमासिकको कार्ययोजनाका साथ कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराउँदै जानु पर्नेछ ।

१३. प्रतिवेदन: साझेदारी कार्यक्रमकोप्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः-

क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ६** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४. अनुगमन तथा मूल्यांकन: साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछः-

क) कार्यक्रम अनुगमन तथा समन्वय समितिले दफा ८ (ख) बमोजिमले चौमासिक रुपमा अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नेछ । सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

१५.लेखापरीक्षण: साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम सम्पन्न भए पश्चात प्रचलित कानूनबमोजिम गाउँपालिकाले गर्नु पर्नेछ ।

१६. समन्वय: साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

१७. खर्चमा बन्देज: साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा गाँउपालिकाको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

१८. कसुर र सजाय: क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

१९. पारदर्शिता: साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ ।

२०. उत्तरदायित्व: कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

२१. संशोधन तथा हेरफेर: यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२२. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने: गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

२३. प्रचलित कानुन लागु हुने: साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

वेत्रावती डबजोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेम्जोङ, धादिङ बागमती प्रदेश, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

नेत्रावती डबजोङ गाउँ/नगरपालिकाको कार्यालय
साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना
संस्था छनौट प्रक्रिया

प्रथम पटक प्रकासित मिति २०७७।१०।३०

..... ...गाउँ/नगरपालिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाउँ/नगर क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" कार्यान्वयनमा ल्याएकोछ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७७/७८ देखी शुरु गरी वहुवर्षिय रुपमा सञ्चालन गरिने नेत्रावती डवजोड गाउँ नगरक्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तपशिल बमोजिमका विवरणहरु सहित प्रतावना पेश गर्न अह्वान गरिएकोछ । योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँ/नगर पालिका जवाफदेही हुनेछैन ।

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।

प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ : स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्वन्धि काम गरेको ।

- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्वन्धि कार्य गरेको ।
- कृषि तथा पशु विकास सँग सम्वन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकास सम्वन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्वन्धि काम गरेको ।
- नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानिय वा प्रदेश सरकारसंगको साझेदारी गरि काम गरेको अनुभव भएको ।

लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजना सँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गनुपर्नेछ । संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालनई प्राथमिकता दिइने छ । संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि नियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदिवारे जानकारी गाउँ/नगरपालिकाको योजना शाखावाट प्राप्त गर्न सक्नेछन् ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
- आ.व.०७६/०७७ को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
- स्थायी लेखा नम्वर
- आ.व. ०७६/०७७ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना पालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा

नेत्रावती डबजोङ गाउँपालिकाको कार्यालय सेम्जोङ, धादिङ बागमती प्रदेश, नेपाल

अध्यक्ष

Scanned with CamScanner

व्यवस्थापन कार्यविधि २०७७ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाम मा शिलवन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँ/ नगर पालिकाको वेवसाइट WWW.NETRAWOTIMUN.GOV.NP डाउनलोड गरि वा गाउँ/ नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु विचको सम्वन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति

## अनुसूची २

(दफा ५ को खण्ड (घ) सँग सम्वन्धित)

नेत्रावती डवजोड गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, सेमजोड धादिङ

बागमती प्रदेश

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/नीजि क्षेत्रका लागि आवेदन पत्रको ढाँचा**

मिति: ..........

श्री ............. ज्यू,
नेत्रावती डवजोड गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
सेमजोड धादिङ, नेपाल ।

विषय: प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरिएको सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा नेत्रावती डवजोड गाँउपालिका सेमजोड धादिङको स्वीकृत कार्यक्रम अनुसार ....................................... उद्देश्यका लागि ".................. साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस .................................. संस्थाले प्राविधिक तथा आर्थिकप्रस्तावनाना पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**संलग्न कागजातहरु**

क. प्राविधिक तथा आर्थिक प्रस्तावना
ख. सम्बन्धित संस्थाको कागजातहरु
१. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति
२. आ.व. २०७६/०७७ को लेखापरिक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरिक्षण प्रतिवेदन १/१ प्रति
३. स्थायी लेखा नम्बर तथा आ.व २०७६/०७७ को कर चुक्ताको प्रमाण पत्र १/१ प्रति
४. संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, पार्श्वचित्र र अनुभव पत्रहरु १/१ प्रति

नेत्रावती डवजोड गाउँ कार्यपालिकाको कार्यालय सेमजोड, धादिङ बागमती प्रदेश, नेपाल

दुर्ग कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

५. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात ।
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्थाबीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

**अनुसूची ३**

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

नेत्रावती डबजोड गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, सेमजोङ धादिङ

बागमती प्रदेश

**......... साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था / सहकारी / कम्पनी / नीजि क्षेत्रका लागि प्रस्तावनाको ढाँचा**

**भाग १: प्राविधिक प्रस्तावना**

१. परियोजनाको नाम
२.पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५.अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
  - प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षरसहित अनुसूचीमा राख्ने)
  - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको समयावधि

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना
१३. परियोजना हस्तान्तरण
१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

**भाग २. आर्थिक प्रस्तावना**

नेत्रावती डबजोड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेमजोङ, धादिङ बागमती प्रदेश, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

## अनुसूची ४

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

नेत्रावती डबजोड गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, सेमजोङ धादिङ

बागमती प्रदेश

**...... साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था / सहकारी / कम्पनी / नीजि क्षेत्रका प्रस्तावना छनौटका आधारहरु**

**१: संस्थागत क्षमता**

- संस्थाको सम्बन्धित विषयगत क्षेत्रमा अनुभव
- कम्तिमा ३ वर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको विभिन्न निकाय संग सझेदारी कार्यमा अनुभव

**२.प्राविधिक प्रस्तावना**

- संयुक्त उपक्रममा प्रस्तावनाना पेश गर्ने प्रमुख र साझेदार संस्था बीचको सहमती पत्र
- सम्बन्धित विषयगत क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रस्तावित परियोजना कार्यान्वयन विधी र व्यवस्थापन
- परियोजनाको निरन्तरता र दिगोपना

**३: वित्तियप्रस्तावना**

- कम्तिमा २० प्रतिशत नगद लगानीको प्रतिवद्धता
- संस्थाको विगत २ वर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता

## अनुसूची ५

(दफा ११ संग सम्वन्धित)

नेत्रावती डबजोड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सेम्जोङ, धादिङ, बागमती प्रदेश, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

नेत्रावती डवजोड गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, सेमजोड धादिङ
बागमती प्रदेश

**साझेदारी कार्यक्रम सम्झौताको ढाँचा**

**"................... साझेदारी कार्यक्रम"संचालनका लागि** नेत्रावती डवजोड **गाँउपालिका र .......... संस्था विचको**

**साझेदारी सम्झौता पत्र**

१. परिचय:
२. कार्यक्रमको नाम :
३. सम्झौता अवधि :
४. कार्यक्षेत्र:
५. प्रथम पक्षको जिम्मेवारी :
६. दोस्रो पक्षको जिम्मेवारी :
७. बजेट र वित्तीय कार्यविधि :
७.१ परियोजनाको कुल बजेट :
  ७.१.१परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमा:
  ७.१.२ बजेट रकमान्तर सम्वन्धमा :
  ७.१.३ परियोजनाको विस्तृत बजेट विवरण:
७.२ बजेट निकासा :
  ७.२.१बैक खाता सम्बन्धमा:
  ७.२.२पेश्की सम्बन्धमा:
  ७.२.३वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमा:
  ७.२.४ अग्रीम कर सम्वन्धमा:
  ७.२.५विल भरपाई सम्वन्धमा:
  ७.२.६विल जारी सम्वन्धमा:
  ७.२.७परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्वन्धमा:
  ७.२.८पेश्की तालिका विवरण:
  ७.२.९ स्थानीय साझेदार सम्वन्धमा:
  ७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्वन्धमा:
८. लेखा परीक्षण तथा प्रतिवेदन
९. अनुगमन तथा मूल्यांकन:
  ९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले
  ८.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले
१०. सम्झौताको खारेजी सम्बन्धि व्यवस्था
११. परियोजना हस्तान्तरण
१२. विविध

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ......................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

**प्रथम पक्षको तर्फबाट**
...............................
...........................

**दोस्रो पक्षको तर्फबाट**
...............................
.........................

साक्षिहरु:

अनुसूची ६
(दफा १३ को खण्ड (क) सँग सम्बन्धित)

नेत्रावती डबजोङ गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, सेमजोङ धादिङ
बागमती प्रदेश

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धी (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि(संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

नेत्रावती डबजोड गाउँ नगरपालिकाको कार्यालय
साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना संस्था छनौट प्रक्रिया

प्रथम पटक प्रकासित मिति : २०७७।१०।३०

नेत्रावती डबजोड गाउपालिकाले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाउँ/ नगर क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७७/७८ देखी शुरु गरी बहुवर्षिय रुपमा सञ्चालन गरिने नेत्रावती डबजोड गाउँ नगरक्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र तपशिल बमोजिमका विवरणहरु सहित प्रतावना पेश गर्न अहवान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँ/नगर पालिका जवाफदेही हुने छैन ।

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।

प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछः
स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पुंजी निर्माण सम्बन्धि काम गरेको ।

- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्य श्रृङ्खलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रबर्द्धनमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि कार्य गरेको ।
- कृषि तथा पशु विकास संग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभवभएको ।
- कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको ।
- नेपाल सरकारका बिभिन्न निकायहरु वा स्थानिय वा प्रदेश सरकारसंगको साझेदारी गरि काम गरेको अनुभव भएको ।

लागत साझेदारी र प्रार्थमिकता कार्यक्रम सञ्चालन गर्ने इच्छुक संस्थाले परियोजना संग सम्बन्धित सञ्चालन खर्च जस्तै: कर्मचारी तलब, भत्ता, सुबिधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गर्नुपर्नेछ । संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्रार्थमिकता दिइने छ । संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि नियमित समन्वय मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । प्रस्ताव पेश गर्ने इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदिबारे जानकारी गाउँपालिकाको योजना शाखाबाट प्राप्त गर्न सक्नेछन् ।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
- आ.व.०७६/०७७को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
- स्थायी लेखा नम्वर र आ.व. ०७६/०७७ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना पालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका र्यविधि २०७७ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाम मा शिलवन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँ नगरपालिकाको वेबसाइट www.netrawotimun.gov.np डाउनलोड गरि वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु बिचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।

Scanned with CamScanner

- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति

नेत्रावती डबजोड गाँउपालिका गाउँ कार्यपालिकाको चालु आ. व. २०७७/०७८ मा स्वीकृत साझेदारी कृषि विकास कार्यक्रम तर्फको वहुवर्षिय **कृषि तथा पशु उद्यमशिलता विकास परियोजना** कार्यक्रम साझेदारीमा कार्यान्वयन गर्ने सेवाप्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त (TOR) ।

**१ कार्यक्रमको पृष्ठभूमी :** यस नेत्रावती डबजोड गाउपालिकाको स्वीकृत वहुवर्षिय कार्यक्रमअनुसार कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागिआवश्यक योग्यता पुगेका इच्छुक गैर सरकारी तथानिजी क्षेत्रहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपशिल बमोजिमका कागजातहरु सहित प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**२. कार्यक्षेत्रगत शर्तहरु (TOR)**

१. गाउपालिकाले र संस्थाले संयुक्त रुपमा कार्यक्षेत्र र घरधुरी छनौट गर्नु पर्नेछ ।

२. प्रस्तावित लाभान्वित घरधुरीहरुलाई स्वावलम्वन समुह गठन, युवा समुह गठन, क्षमता अभिवृद्धि, व्यवस्थित पशुपालन, व्यवसायिक कृषि तथा अन्य आय-आर्जनका क्रियाकलापहरु सन्चालन गर्नु पर्नेछ ।

३. स्वावलम्वन समुह, युवा समुह र सामाजिक परिचालनको माध्यमबाट सामाजिक पुँजीनिर्माण, सामुदायिक विकास, महिला सशक्तिकरणका लागि काम गर्नु पर्नेछ ।

४. बाखा, दुध, तरकारी, लोकल कुखुरा र अन्य कृषि तथा पशु वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिई काम गर्नु पर्नेछ ।

५. पशु आहार, खोर गोठ सुधार, नश्ल सुधार, पशु स्वास्थ्य, पशु विमा कार्यक्रम सन्चालन गर्नु पर्नेछ ।

६. बाखा, लोकल कुखुरा, गाई भैसि पालन तथा अन्य कृषि व्यवसायका लागि आवश्यक प्राविधिक तालिम तथा प्राविधिक सेवा प्रवर्द्धन गर्नु पर्नेछ ।

७. घाँस र तरकारीको नर्सरी स्थापना साथै प्रत्येक घरमा आवश्यकता अनुसार घाँस खेतीको विकास गर्नु पर्नेछ ।

८. परियोजनाबाट लक्षित समुदायमा प्रदान गरिने पशुवस्तु, कोष, ज्ञान र सिपको निरन्तरता र दिगोपनाको ढाँचा उल्लेख गर्नु पर्नेछ ।

९. स्वावम्वन समुह तथा युवा समुहहरुको सहभागितामा सहकारी संस्थाको गठन तथा परिचालन गरि कृषि तथा पशुजन्य उत्पादनका लागि आवश्यक सेवा (उत्पादन सामाग्री, प्राविधिक, विमा, वित्तिय सेवा) र वजारीकरण गर्नका लागि संस्थागत विकास गर्नु पर्नेछ ।

१०. कार्यक्रम प्रभावकारी रुपमा सन्चालन गर्न आर्थिक तथाअन्य सहयोगको लागि सरोकारवालाहरु सँग समन्वय गर्नु पर्नेछ ।

**३. प्रस्तावना पेश गर्नका लागि तपशिलमा उल्लेखित क्षेत्रहरुमा कार्य अनुभव भएको हुनु पर्नेछ :**

१. संस्था स्थापनाभई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभवहुनु पर्नेछ ।

२.स्वावलम्वन समुह गठन, युवा समुह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्वन्धिकाम गरेको हुनु पर्नेछ ।

३. सामुदायिक विकास, महिला सशक्तिकरण, युवा सशक्तिकरण र उद्यमशिलता विकासको क्षेत्रमा काम गरेको हुनु पर्नेछ ।

नेत्रावती डबजोड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेल्जोड, धादिङ बागमती

दुर्गा कुमार शाक्य अध्यक्ष

Scanned with CamScanner

४. कृषि तथापशुको उत्पादन, उत्पादकत्व र मुल्यश्रृङ्खलाको क्षेत्रमा काम गरेको हुनु पर्नेछ ।
५. समुदायमा आधारित सहकारी संस्थामार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रवर्द्धनमा काम गरेको हुनु पर्नेछ ।
६. कृषि तथा पशु विकास कालागि आवश्यक दक्ष जनशक्ति भएको हुनु पर्नेछ ।
७. कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्वन्धि काम गरेको हुनु पर्नेछ ।
८. कृषि तथा पशु विकाससँग सम्वन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको हुनु पर्नेछ ।
९. कृषि र पशु विकास सम्वन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन सम्वन्धि काम गरेको हुनु पर्नेछ ।
१०. नेपाल सरकारको विभिन्न निकायसँग साझेदारी गरि काम गरेको अनुभवहुनु पर्नेछ ।
११. लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजना सँग सम्वन्धित सञ्चालनखर्च जस्तै: कर्मचारी तलव, भत्ता, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गर्नु पर्नेछ ।
१२. संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइने छ ।
१३. संस्थाले यो परियोजनाको लागि नेत्रावती डवजोङ गाँउपालिकाको केन्द्रमा कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**४कार्यक्षेत्र** नेत्रावती डवजोङ गाँउपालिकाको सम्पूर्ण वडाहरु

**५ प्रस्तावको ढाँचा :**

***भाग १: प्राविधिक प्रस्तावना***

१. परियोजनाको नाम
२.पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५.आशातीत उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
  - प्रमुखनिवेदक र सहायक निवेदकको नाम (यदिभएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षर सहित अनुसूचीमा राख्ने)
  - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको समयावधि

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना
१३. परियोजना हस्तान्तरण

नेत्रावती डवजोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धादिङ, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner

१४. वजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

*भाग २. आर्थिक प्रस्तावनाना*

१. परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथाकर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्तिखरिद, मसलन्द, आदि)

२. कार्यक्रमखर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)

३. अन्य

*भाग ३. प्रस्तावपत्रको अनुसूची*

१. संस्थागत विवरण

२. संस्थाको पृष्ठभूमी

३. संस्थाको विषयगत क्षेत्रका अनुभव

४. विगत ५ वर्षमा संस्थाले सहकार्य गरेका दात्रीनिकायहरु

५. संस्थादर्ता, नविकरण प्रमाण पत्रको प्रतिलिपी

६. आ.व. २०७६/०७७ को लेखा परिक्षणको प्रतिवेदन सहितदुई वर्षको लेखा परिक्षण प्रतिवेदन, स्थायी लेखानम्वर र आ.व. २०७६/०७७ को कर चुक्ता वा विवरण पेश गरेको प्रमाण पत्र

५. प्रस्ताव मुल्याङ्कन गर्ने तरिका : प्राप्तभएका प्रस्तावहरुको मुल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिने छ ।

**६. प्रस्तावप्रत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. आधिकारिक निकायमा संस्थादर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

२. आ.व. २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदन सहितदुई वर्षको लेखापरिक्षण प्रतिवेदन १/१ प्रति

३. स्थायी लेखानम्वर तथाआ.व.२०७६/०७७ को कर चुक्ताको प्रमाण पत्र १/१ प्रतिवा करचुक्ता प्रमाण पत्रलिनु नपर्ने भए आन्तरिक राजश्व कार्यालयमा सम्वन्धित कागजात पेश गरेको पत्रको १ प्रति ।

४. संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, पार्श्वचित्र र अनुभवपत्रहरु १/१ प्रति

५. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वाव्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात ।

६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्थावीचको कार्य जिम्मेवारी खुल्ने सम्झौतापत्रको सक्कल १ प्रति ।

७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति ।

८. संस्थाकालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति ।

९. विभिन्न कार्यक्रम कार्यान्वयनको अनुभवपत्र ।

१०. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना नेत्रावती डवजोड गाउपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७७ को अनुसुची ३ बमोजिमको ढाँचामा अलग/अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा गाउपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिन्छ ।

नेत्रावती डवजोड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सेम्जोङ, धादिङ बागमती प्रदेश, नेपाल

दुर्गा कुमार शाक्य
अध्यक्ष

Scanned with CamScanner